# आर्थिक वर्ष ०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट

फालेलुङ गाउँपालिका
थोक्लिम्बा , पाँचथर
१ नं. प्रदेश, नेपाल
०७५।०३।२९
पेश गर्ने : हिमा अधिकारी
गाउँपालका उपाध्यक्ष

यस सभाका सम्मानीत सभाध्यक्षज्यू,
गाउँसभाका सदस्य ज्यूहरु,
अतिथिज्यूहरु,
गाउँपालिका स्थित विभिन्न कार्यालय तथा शाखाका कर्मचारी मित्रहरु ।

नेपाली जनताले लामो समय देखि परिवर्तनको निम्ति गरेको गौरवपूर्ण आन्दोलनहरु, जनयुद्ध, जनआन्दोलन, जनजाती एवं मधेश आन्दोलनका कारण प्राप्त उपलव्धिको रुपमा नेपालको संविधान प्राप्त भइ गठन भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको तिन तहको सरकार मध्येको एक सरकारको रुपमा स्थापित यस फालेलुङ गाउँपालिकाको तर्फबाट स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउँदा गौरान्वित भएको छु ।

स्थानीय सरकारको सञ्चालनको लगभग एक वर्षको अभ्यास पछिको समयमा हामी यँहा उपस्थित भएका छौँ । आज सम्मको स्थानीय सरकार सञ्चालनको अभ्यास गर्दा जनप्रतिनिधिहरु, कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरु, नागरिक समाजका प्रतिनिधिहरु, शिक्षकहरु, विधार्थीहरु, पत्रकारहरु र स्थानीय सर्वसाधारणले पऱ्याएको सहयोग प्रति सवैमा हृदय देखि नै धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि गाउँपालिकाले गर्ने काममा यस्तै सहयोग, सुझाव, चासो , चिन्ता र खवरदारीको अपेक्षा गर्दछु ।

हालसम्मको हाम्रो कामको मुल्याङ्कन गर्ने जिम्मा त हामी नभई आम जनसमुदायकै हो । मुल्याङ्कन निरन्तर गरिरहनु भएको पनि होला । विभिन्न व्यक्तिहरुले भेटघाटका क्रममा गर्नुभएका कुराकानी , अन्य व्यक्तिहरुबीचको छलफल, अन्य पालिकाका प्रतिनिधिहरुले व्यक्त गर्नुभएको विचारका आधारमा समग्रमा एक वर्षको हाम्रो प्रयास राम्रो भएको पाइएको छ । यसले हामीलाई आगामी दिनमा थप नँया र राम्रो काम गर्न हौस्याएको छ ।

यती हुँदा हुँदै पनि अनुभव र परिपक्कताको कमी , समन्वय गर्ने समय र क्षमताको अभाव, तालिम र अभिमुखीकरणको अभाव जस्ता कुराहरुले यस वर्षको विकास योजना र कार्यक्रमका प्रतिफलहरुमा पूरै ढुक्क र सफल हुन नसकेको कुरालाई हामी स्वीकारर्दछौँ । कमजोरीहरुलाई तुरुन्त स्वीकार्ने हाम्रो सामूहिक अभ्यासले सुधारका उपायहरुको खोजी गर्न पनि घच्घच्याएको छ ।

सम्मानीत सभाध्यक्ष महोदय ,

**अव म चालु आर्थिक वर्ष ०७४।०७५ को नीति तथा कार्यक्रमको समिक्षा गर्न चाहन्छु ।**

## (क) आर्थिक विकास :

१) आर्थिक विकास तर्फ विभिन्न पर्यटकीय सडकहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको छ र ट्र्याक खोल्ने कार्य भएको छ ।

२) कृषि क्षेत्रलाई व्यवसायीक बनाउन आधुनिक कृषि प्रविधिको प्रयोग गरि कृषि उत्पादनमा बृद्धि ल्याउने कार्य भएको छ ।

३) दुग्ध उत्पादनको बृद्धिका लागि दुग्ध सहकारी मार्फत कार्यक्रम कार्यन्वयन गरिएको छ ।

## (ख) सामाजिक विकास :

१) शैक्षिक क्षेत्रको गुणस्तर बृद्धिका लागि विद्यालयको भौतिक पुर्वाधार निर्माण , मर्मत तथा सुधारका लागि कार्यहरु भएको छन् ।

२) सुरक्षित प्रसुति गराउनका लागि स्वास्थ्य चौकीहरुमा कर्मचारी व्यवस्थापन , स्वास्थ्य चौकीहरुको बर्थिङ सेन्टरको सुदृढिकरण गर्ने कार्य तथा उपकरण खरिद गर्ने कार्य भएका छन् । औषधि वितरण प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाइएको छ ।

३) एक घर एक धाराको नीति अनुरुप खानेपानी आयोजनाको मर्मत सम्भार , विस्तार तथा सुदृढिकरणका कार्यहरु भएका छन् ।

४) गाउँपालिका भित्र रहेको बौद्ध गुम्बाको संरक्षण गरिएको छ । गाउँपालिका भित्र रहेका आदिवासी जनजाती , दलित तथा खस आर्यको मौलिक संस्कृति प्रवर्दनका लागि समुदायलाई परम्परागत सामग्री खरिद गरि हस्तान्तरण गरिएको छ ।

५) ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिएको छ । महिला क्षमता विकास का लागि अनुशिक्षण कार्यक्रम , आय मुलक कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

६) गाउँपालिका भित्रका प्रारम्भिक बालबिकास केन्द्रको उचित व्यवस्थापन गरिएको छ । विपन्न बालबालिकालाई पोशाक वितरण गर्ने कार्यक्रम गरिएको छ ।

## ग) पुर्वाधार विकास :

१) एकीकृत बस्ति निर्माणका लागि निःशुल्क जग्गा प्राप्त गरि पहिलो चरणको कार्यक्रम सम्पन्न गरिएको छ ।

२) सडकको पहुँच नपुगेको अधिकांस बस्तिहरुमा सडकको पहुँच पऱ्याइएको छ भने मुख्य सडकहरुको स्तरोन्नती भएका छन् ।

३) कृषि भुमीमा थप उत्पादन बृद्धि गर्ने लक्ष्य अनुरुप सिँचाइको क्षेत्रमा आवश्यक कार्यहरु भएका छन् ।

४) उज्यालो घर फालेलुङको भर भन्ने नारालाई मुर्त रुप दिन फालेलुङ गाउँपालिका भित्रका सम्पुर्ण वार्डहरुमा केन्द्रिय विद्युत प्रशारणका लागि सर्भे गर्ने कार्य पुरा भएको छ । लघु जलविद्युत मा प्रयोगमा आएको काठे पोललाई विस्थापन गर्ने नीति अनुरुप काठे पोललाई फलामे पोलले विस्थापन गर्ने क्रम जारी छ ।

## घ) बाताबरण तथा विपद् व्यवस्थापन तर्फ :

१) प्रकोप पिडित व्यक्तिका लागि राहत उपलव्ध गराइएको छ । एकीकृत वस्ती विकासको कार्य अघि बढाइएको छ ।

२) बन, भु संरक्षण तथा जलाधार संरक्षणका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिएको छ ।

## ङ) संस्थागत विकास तथा सेवा प्रवाह :

१) गाउँपालिका भित्रका सम्पुर्ण वार्डहरुमा नागरिक बडापत्र स्थापना गरिएको छ । गाउँपालिकालाई क्रमिक रुपमा विद्युत्तिय माध्यममा लैजाने कार्यक्रम अघि सारिएको छ ।

२) गाउँपालिका भित्रका सम्पुर्ण वडाहरुमा इन्टरनेट जडान गरिएको छ ।

**सम्मानित सभाध्यक्ष महोदय ,**

अव म फालेलुङ गाउँपालिकालाई आर्थिक वर्ष ०७५।०७६ का लागि विभिन्न श्रोतहरु बाट प्राप्त कुल बजेट सिमा पेश गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष ०७५।०७६ को लागि संघीय सरकारबाट वित्तीय समानिकरण अनुदान अन्तर्गत रु. ८ करोड साठि लाख, सशर्त अनुदान रकम रु. १२ करोड पचासि लाख, राजश्व बाँडफाँड अन्तर्गत रु ६ करोड ४५ लाख ७५ हजार रुपैंया , प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान रु. ३३ लाख २५ हजार , आन्तरिक राजश्व अनुमानित रु २४ लाख , र चालु आ.व. ०७४।०७५ को मौज्दात रकम रु १ करोड पचास लाख गरि आर्थिक वर्ष ०७५।०७६ का लागि फालेलुङ गाउँपालिकाको लागि कुल बजेट सिमा २९ करोड ९८ लाख तय गरिएको छ ।

सम्मानीत सभाध्यक्ष ज्यू,
अव म फालेलुङ गाउँपालिकाको सोँच, लक्ष्य र उदेश्य प्रस्तुत गर्न चाहन्छु ।

**सोच :** विकास निर्माण कार्यलाई बाताबरणमैत्री बनाउने , क्षेत्रगत सन्तुलन कार्यम गर्दै पर्यटकीय गाउँपालिका निर्माण गर्ने ।

**लक्ष्य :** आर्थिक, सामाजिक तथा भौतिक पुर्वाधारको पक्षमा ध्यान दिई आर्थिक विकासको आधार तय गर्ने ।

**उदेश्य :** आमजनतालाई विकासका लाभ उपभोग गर्न सक्षम बनाई जनताको जीवनस्तरमा सुधार ल्याउने ।

अव म बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

१) नेपालको संविधान ०७२ बमोजिम गाउँपालिकालाई प्राप्त अधिकारहरु,

२) स्थानीय सरकार सञ्चालन ऐन २०७४,

३) गाउँपालिकाले बहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरु ,

४) गाउँपालिका स्तरका गौरवका आयोजनाहरुको बर्गिकरण ,

५) विभिन्न कोष खाताहरु ( मर्मत सम्भार , प्रकोप व्यवस्थापन , कर्मचारी कल्याणकारी , महिला तथा बालबालिका उद्धार ) को स्थापना ।

६) दिगो विकासका लक्ष्य लगायत राष्ट्रिय/अन्तराष्ट्रिय प्रतिवद्धताको कार्यान्वयन ।

७) शसर्त अनुदान कार्यक्रमका लागि आवश्यक रकम ,

८) वडा कार्यालयलाई अनुदान वितरण गर्दा भौगोलिक विकटता, राजश्व संकलनको अवस्था , विकासको अवस्था, साविक वडा संख्या र जनसङ्ख्यालाई आधारको रुपमा लिइएको छ ।

**सम्मानीत सभाध्यक्ष महोदय,**

अव म फालेलुङ गाउँपालिकाको क्षेत्रगत नीति तथा आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

**क) आर्थिक क्षेत्र :**

१) परम्परागत कृषि प्रणालीलाई अन्त्य गर्दै आधुनिक कृषि प्रणाली प्रवर्दनका लागि कृषक तथा कृषक समूहलाइ आवश्यक तालिम , उपकरण तथा अनुदानको व्यवस्था गरिनेछ ।

२) कृषि उपजको उत्पादन बृद्धि गरि बजारीकरणको आवश्यक व्यवस्था गरिनेछ । एक घर एक करेसावारीको नीति लिई क्रमिक रुपमा कार्यक्रम कार्यान्वयन गरि फालेलुङ गाउँपालिकालाई साग सव्जिमा आत्मानिर्भर बनाउन प्लाष्टिक टनेल भित्र सव्जि खेतिलाई प्रोत्साहित गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

३) पशु सेवा व्यवस्थापनको क्षेत्रमा आवश्यक कार्यहरु गरिनेछ जस अनुसार पशु विमा, नश्ल सुधार, गोठ सुधार, रोग निदान, सम्भाव्यता अनुसारको पशु पालनका क्षेत्रमा विशेष प्राथमिकता दिइ तालिम, प्रविधि तथा अनुदान उपलव्ध गराउने व्यवस्था गरिनेछ । पशु उपजमा फालेलुङ गाउँपालिकालाइ आत्मनिर्भर बनाई पशु उपज निर्यात गर्ने अवस्था सम्म पुऱ्याइनेछ ।

४) पर्यटकीय गुरुयोजना तयारी गरि गुरुयोजना बमोजिम पर्यटकीय क्षेत्रको विकास गरिनेछ ।

५) पर्यटन प्रवर्द्धनका लागि गाउँपालिका भित्रका बन सम्पदा, झरना, पोखरी आदिको संरक्षण एवं प्रवर्दन गरिनेछ

६) कृषक तथा पशुपालकहरुलाई सहकारीमा आवद्ध गराई सहकारीताको माध्यमबाट कृषि तथा पशु उत्पादनमा बृदि गराउन बजेट व्यवस्था गरेको छु ।

७) तृतीया सातथुम्बे थामचुली डवला भञ्ज्याङ, लामपोखरी तिनसिमाना सन्दकपुर पर्यटकीय क्षेत्रको पर्यटकीय पदमार्ग निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयारी गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

८) प्राङबुङ भैँसे सुर्केथाम मोटरबाटो निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

९) ओगेम्बा, दवाइपानी, छिरुवा, ठाडेनाम्ले, पापुन्देन थोक्पन सिदिन मोटरबाटो निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

१०) पानावा, कालिका आ.वि., सल्लेरी मोटरबाटो निर्माणका लागि विस्तृत परियोजना प्रीतवेदन निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

११) मेमेङ मिलन चोक गुरुङटार भैँसे सडकको विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

१२) गोरुवाले बतासे आकाशे अंशुभञ्ज्याङ नादाङ चोक हेवाखोला जोरपोखरी सडक को विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

**ख) सामाजिक विकास :**

१) शैक्षिक क्षेत्रको गुणस्तर बृद्धिका लागि विद्यालयहरुमा विद्युतिय सामग्री, ल्याव सामग्री , पुस्तकालय , आदिका लागि अनुदानको व्यवस्था गरेकी छु ।

२) सामुदायिक विद्यालयको भौतिक पुर्वाधारको विकासको लागि आवश्यक बजेट विनियोजन गरेकी छु ।

३) अधिक विद्यार्थि संख्या भइ दरवन्दि अनुसारको शिक्षक उपलव्ध नभएका विद्यालयहरुलाई आवश्यक्तामा आधारित अनुदानको व्यवस्था गरेकी छु ।

४) सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी , कार्यालय सहयोगी तथा प्राथमिक बाल विकास केन्द्रका सहजकर्ताका लागि बार्षिक पोशाक भत्ता वापत रु ५०००। दिने गरि बजेट व्यवस्था गरेको छु ।

५) निःशुल्क स्वास्थ्य उपचार पाउने नागरिकको हकको कार्यान्वयन गर्न निःशुल्क औषधि वितरण गर्न तथा स्वास्थ्य चौकी तथा बर्थिङ सेन्टरको व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

६) महिला स्वस्थ्य स्वयंसेविकाका लागि बार्षिक रुपमा प्रोत्साहन भत्ताको व्यवस्था गरेको छु ।

७) स्वास्थ्य सेवा सुविधा नपुगेका वडाहरु क्रमशः ६ र ८ मा गाउँकार्यपालिकाको कार्यालयको मातहत रहने गरि स्वास्थ्य सेवा केन्द्रको स्थापना गर्न , कार्यालय व्यवस्थापन गर्न तथा एक जना स्वास्थ्य कर्मचारीको दरवन्दिको व्यवस्था हुने गरि वजेट विनियोजन गरेको छु ।

८) प्राङबुङ स्वास्थ्य चौकीमा स्थापना भएको ल्याव केन्द्रको संचालनको लागि एक जना ल्याव टेक्निसियनको तलव भत्ताका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

९) प्रत्येक महिलालाई स्वास्थ्य चौकीमा प्रसुति गराउने उदेश्य अनुरुप फालेलुङ गाउँपालिकाका स्वास्थय चौकी भित्र प्रसुति गराउने तथा स्वास्थ्य चौकीको सिफारिसमा प्रसुति गराउने महिलाको लागि प्रोत्साहनका लागि आवश्यक बजेट विनियोजन गरको छु ।

१०) सुरक्षित र सफा पिउने पानीको सुनिश्चितताका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

११) मौलिक संस्कृति प्रवर्दनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१२) लैङ्गिक समानता सुनिश्चित गर्नका निमित्त महिलाहरुलाई तालिम , अभिमुखीकरण , आय आर्जनका कार्यक्रम तथा महिलाहरुको व्यवसायीकता अभिबृद्धि गर्नका निमित्त आवश्यक बजेट विनियोजन गरको छु ।

१३) बाल क्लव गठन , सञ्चालन , नियमन तथा नीति निर्माणमा बालबालिकाको सहभागिता प्रवर्दन गर्न आवश्यक तालिम तथा अनुशिक्षण का लागि पर्याप्त बजेट विनियोजन गरेकी छु ।

१४) विपन्न बालबालिकाका लागि पोशाक वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै आवश्यक बजेट विनीयोजन गरेको छु ।

१५) ज्येष्ठ नागरिकका लागि सम्मान कार्यक्रम गर्ने तथा ज्येष्ठ नागरिक दिवस मनाउन आवश्यक बजेट विनियोजन गरेकी छु ।

१६) नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता नपाएका "ग" र "घ" बर्गका फरक क्षमता भएका व्यक्तिहरुका लागि बार्षिक भत्ताको व्यवस्था गरेकी छु ।

१७) दलित तथा आदीवासी जनजातिको विकासका लागि उक्त क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरेकी छु ।

१८) कुपोषण को अन्त्य गर्न र बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेकी छु ।

१९) युवाहरुका लक्षित गरि खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । यस आर्थिक वर्षमा अध्यक्ष कप फुटवल प्रतियोगिता आयोजना गर्न आवश्यक बजेट विनियोजन गरेकी छु ।

## ग) पूर्वाधार विकास :

१) सडकको पहुँच नपुगेका वस्तिहरुमा सडकको पहुँच पुऱ्याउन आवश्यक बजेट विनियोजन गरेकी छु।

२) निर्मित सडकको स्तरोन्नती , विस्तार र मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरेकी छु। निर्माण सम्पन्न भएका सडकहरुको मर्मत सम्भारका लागि सडक हेरालुको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

३) कृषि उत्पादकत्व बृद्धि गर्ने उदेश्य सहित निर्मित सिँचाइ आयोजनाको मर्मत सम्भार तथा क्षमता विस्तार गरिनेछ।

४) थोक्लिम्बा क्षेत्रको बजार विकासको लागि विस्तृत बजार योजना निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

५) गाउँपालिका भित्र रहेको सम्पुर्ण लघु जलविद्युत आयोजनाको प्रभावकारी सञ्चालनका लागि प्रयोगमा रहेका काठे पोललाई क्रमिक रुपमा विस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु।

६) गाउँपालिका क्षेत्र भित्र क्रमिक रुपमा केन्द्रिय विद्युत प्रशारण विस्तार गर्न आवश्यक गृहकार्य गरिनेछ।

७) गाउँपालिका केन्द्रबाट जिल्ला सदरमुकाम जोड्ने छोटो दुरीको सडकका लागि हेवाखोला करिडोर निर्माणर्थ विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

८) गाउँपालिका भित्र न्युनतम १ मे.वा. सम्मको विद्युत उत्पादनको सम्भाव्यता अध्ययन गर्ने प्रयोजनार्थ आवश्यक बजेट विनियोजन गरेकी छु।

## घ) बन, बाताबरण तथा विपद् व्यवस्थापन :

१) गाउँपालिका भित्रका सामुदायीक बनमा बृक्षरोपण तथा नीजी बन विकास गर्न साझेदारीमा बृक्षरोपण कार्यक्रम सञ्चालन गर्न बजेट विनीयोजन गरेकी छु।

२) गाउँपालिका भित्र बृक्ष नर्सरी स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

३) विपद् पुर्व तयारी जनचेतनाका लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ। विपदबाट पीडित व्यक्तिहरुका लागि विपद व्यवस्थापन कोष मार्फत राहत उपलब्ध गराउन र एकीकृत बस्ति निर्माणका लागि जस्तापाता अनुदानमा उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेकी छु।

४) फोहोरमैला व्यवस्थापन तथा सरसफाईको क्षेत्रमा पर्याप्त बजेट विनियोजन गरेकी छु।

५) विपद न्युनीकरणका लागि अति विपन्न परिवारका लागि अनुदानमा जस्तापाता उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेकी छु।

## ङ) सुशासन तथा संस्थागत विकास :

१. गाउँपालिकाका निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धका लागि तालिम तथा प्रशिक्षणमा आवश्यक बजेट विनियोजन गरेकी छु।

२. गाउँपालिकाको केन्द्रमा पुस्तकालय स्थापना तथा विद्युतिय हाजिरी प्रयोगमा ल्याउन , प्रतिक्षालय , तथा नागरिक बडापत्र निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

३. सार्वजनीक सुनुवाई तथा सामाजिक परिक्षणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु।

४. सेवा प्रवाहमा विद्युतिय सुचना प्रविधिको प्रयोग गर्न इन्टरनेट जडान तथा एक वार्डमा एक निःशुल्क वाइ फाई जोन स्थानपना गर्ने कार्यका लागि थप बजेट विनियोजन गरेकी छु।

५. भ्रष्टचार विरुद्ध शुन्य शहनशीलताको नीतिको अवलम्बन गरिनेछ।

६. मुस्कान सहितको सेवा प्रवाहका लागि कर्मचारीलाई प्रोत्साहित गर्ने नीति अवलम्वन गरिनेछ। गाउँपालिकामा कार्यरत कर्मचारीहरुको आवाशको लागि उचित प्रवन्ध गरिनेछ।

७. सेवाग्राहीको समस्या पहिचान गर्ने र सेवा ग्राही सन्तुष्टि मापन गरि पृष्ठपोषण अनुसार सुधारका उपायहरु अवलम्वन गरिनेछ।

**सम्मानित सभाध्यक्ष ज्यु**

अव म फालेलुङ गाउँपालिकाबाट आर्थिक वर्ष ०७५।०७६ मा गरिने मुख्य मुख्य क्रियाकलाप हरु प्रस्तुत गर्न चाहन्छु ।

१. मच्छेबुङमा बृहत खानेपानी आयोजना निर्माण गर्नका लागि रु बाइस लाख बजेट विनियोजन गरेकी छु ।

२. पञ्चमुखी माध्यमिक विद्यालयको भवन निर्माणका लागि रु ३० लाख बजेट विनियोजन गरेकी छु ।

३. काठे पोललाई विस्थापन गर्न तथा स्तरोन्नती गर्न गाउँपालिका भित्रका लघु जलविद्युतलाई प्रवर्दन गर्न रु पचास लाख बजेट विनियोजन गरेकी छु ।

४. एकीकृत बस्ति विकास कार्यक्रमलाई निरन्तरता दिँदै निर्माणधिन भवनको जस्तापाताका लागि अनुदान दिने व्यवस्था कार्यान्वयन गर्न उचित बजेट विनियोजन गर्न व्यवस्था गरेकी छु ।

५) गाउँपालिका भित्रका सामुदायिक विद्यालयको भौतिक पुर्वाधार विकासका लागि रु पैसठ्ठी लाख बजेट विनियोजन भएको छ ।

**सम्मानित सभाध्यक्ष ज्यु**

अव म फालेलुङ गाउँपालिकाको क्षेत्रगत व्यय प्रस्तुत गर्न चाहन्छु ।

| **क्र.सं** | **विषय गत क्षेत्र** | **अनुमानित व्यय(रु हजारमा )** |
|---|---|---|
| १ | आर्थिक विकास | १५,९७१/- |
| २ | सामाजिक विकास | ३५,१७९/- |
| ३ | पुर्वाधार विकास | ४५,५५८/- |
| ४ | बन , बाताबरण तथा विपद् व्यवस्थापन | ८,१२५/- |
| ५ | संस्थागत विकास , सेवा प्रवाह र सुशासन | ३,५७१/- |
| ६ | कार्यालय सञ्चालन चालु खर्च | ४४,८९६/- |
| ७ | कार्यालय सञ्चालन पुँजिगत खर्च | १८,००० /- |
| ८ | सशर्त अनुदान | १,२८,५०० /- |
| **जम्मा व्यय** | | **२,९९,८००/-** |

**सम्मानित सभाध्यक्ष ज्यु,**

अव म फालेलुङ गाउँपालिकाको सम्पुर्ण व्यय को श्रोत को व्यवस्था प्रस्तुत गर्न चाहन्छु ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | नेपाल सरकार बाट प्राप्त वित्तिय समानिकरण अनुदान | ८६०००/- |
| २ | नेपाल सरकार बाट प्राप्त राजश्व बाँडफाँड अनुदान | ६४५७५/- |
| ३ | शसर्त अनुदान | १२८५०० /- |
| ४ | प्रदेश सरकार वित्तिय समानिकरण अनुदान | ३३२५/- |
| ५ | आन्तरिक राजश्व | २४००/- |
| ६ | अन्य | १५००० /- |
| **जम्मा आय** | | **२९९८००** |

**सम्मानित सभाध्यक्ष महोदय,**

## फालेलुङको समृद्धिको आधार
## कृषि , पर्यटन, जलश्रोत र भौतिक पुर्वाधार

भन्ने नारालाई मुल नाराको रुपमा लिई विकास व्यवस्थापन, दिगो विकास र सुशासनको प्रत्याभूति हुने बारबरण को श्रृजना गरिने छ।

**र अन्त्यमा**

यी सवै विविध पक्षहरुमा महत्वपूर्ण सहयोग पुऱ्याउनु हुने, आवश्यक सल्लाह र सुझाव प्रदान गर्नु हुने सम्मानित सभाका सम्पुर्ण सदस्यहरु , कार्यपालिकाका सदस्यहरु , विषयगत समितिका सदस्यहरु , राष्ट्रसेवक कर्मचारीहरु, सम्पुर्ण राजनीतिक दलका प्रतिनिधिहरु, नीजि क्षेत्र, नागरिक समाज , संचार क्षेत्र तथा सम्पुर्ण फालेलुङ वासी आमा , बुबा , दाजु भाइ तथा दिदि बहिनीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।